विधेयक संख्या :-

# नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६

संङ्घीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०७६, जेष्ठ

उद्देश्य र कारण

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ मिति २०५५/११/२७ देखि प्रारम्भ भएको छ। साविक ऐनमा व्यवस्थित प्रावधानमा समय सापेक्ष संशोधन गरी इन्जिनियरिङ व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित तथा वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा इन्जिनियरको योग्यता अनुसार नाम दर्ता गर्ने, परिषदमा उपाध्यक्षको पदको व्यवस्था गर्न, परिषदका पदाधिकारीहरुको योग्यता तथा अयोग्यता सम्बन्धी विषयमा समयानुकुल संशोधन गर्न, इन्जिनियरिङ व्यवसाय गर्नको लागि आवश्यक योग्यता निर्धारण गर्ने र योग्यता पुगेका इन्जिनियरको तोकिए बमोजिम परीक्षा समितिबाट परीक्षा लिई उत्तीर्ण भएका व्यक्तिलाई नाम दर्ता प्रमाणपत्र प्रदान गर्न, परिषदले आवश्यक नियमहरु बनाउन सक्ने र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछिमात्र लागू हुने व्यवस्था गर्न, परिषदले आवश्यक विनियम,कार्यविधि तथा मापदण्ड बनाउन सक्ने समेत व्यवस्था गर्न , नेपाल सरकारले परिषदलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गर्न तथा परिषदले नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने बाध्यात्मक कानूनी व्यवस्था लगायतका प्रावधान थपगरी पुनरावलोकन गर्नु पर्ने आवश्यकता भएकोले नेपाल इन्जिनियरिङ परिषद् ऐन २०५५ को पहिलो संशोधन विधेयक २०७६ पेश गरेको छु ।

रघुवीर महासेठ

मन्त्री

जेष्ठ, २०७६

भौतिक पूर्वाधार तथा यातायात

**प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

नेपाल इन्जिनियरिङ परिषद् ऐन,२०५५ लाई संशोधन गर्न बनेको विधेयक २०७६मा "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ भन्ने व्यवस्था भएकोले सो विधेयकको भन्ने व्यवस्था भएकोले सो विधेयकको दफा ११(२), १४(२)(३)(५), १६, १८(३), २१क(३), २१ख, ३०(२क) र ३७मा उल्लेखित व्यवस्थाहरु नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएकोछ ।माथि विभिन्न दफाहरुमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग प्रस्तावित ऐनको व्यवस्था, नियमावली बनाउनु पर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरु यस प्रकार रहेका छन् :-

| क्र.सं | प्रस्तावित विधेयकको दफा / उपदफा | नियम बनाउन सकिने व्यवस्था | नियम बनाउनु पर्ने कारण | बनाउने नियमको प्रकृति तथा त्यसबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ११(२) | यस ऐन बमोजिम परिषदमा इन्जिनियरको नाम दर्ता गर्दा इन्जिनियरलाई तोकिए बमोजिम वर्गिकरण गर्न सकिनेछ । | इन्जिनियरहरुको वर्गिकरण गर्ने विषय प्राविधिक विषय भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | योग्यताको आधारमा इन्जिनियरहरुको वर्गीकरण भई उनीहरुको दक्षता र क्षमतामा अभिबृद्धि हुने । |
| २ | १४(२)(३)(५) | परिषदमा इन्जिनियरिङ व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि समितिले कम्तिमा वर्षको दुइ पटक तोकिए बमोजिम परीक्षा सञ्चालन गर्नेछ । | इन्जिनियरहरुको संख्याको आधारमा परीक्षा सञ्चालन गर्नु पर्ने भएकोले यो विषय नियमावलीमा राख्न उपयुक्त हुने । | इन्जिनियरहरुले समयमानैं दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्ने । |
| | | उपदफा (१)बमोजिमको परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणाली परिषदले निर्धारण गरे बमोजिम हुनेछ । | परीक्षाको पाठ्यक्रम समय समयमा परिमार्जन गर्नु पर्ने हुनाले यो विषय नियमावलीमा राख्न उपयुक्त हुने । | परीक्षाको पाठ्यक्रम समय समयमा परिमार्जन भई विद्यार्थीहरुमा नया नया विषयहरुमा ज्ञान आर्जन हुने । |
| | | समितिको काम,कर्तव्य,अधिकार | समितिको काम,कर्तव्य,अधिकार | समितिको काम,कर्तव्य,अधिकार |

| | | | | |
|---|---|---|---|---|
| | | तथा बैठक सञ्चालन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ । | तथा बैठक सञ्चालन गर्ने कार्यविधि समय समयमा परिवर्तन हुने हुनाले यो विषय नियमावलीमा राख्न उपयुक्त हुने । | समय समयमा थपघट हुने तथा बैठक सञ्चालन सुचारु रुपमा हुने । |
| ३ | १६ | दफा १५ बमोजिम नाम दर्ता गरेका व्यक्तिलाई रजिष्ट्रारले तोकिए बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ । | नाम दर्ता प्रमाणपत्रको ढाँचा जस्तो विषय नियमावलीमा राख्न उपयुक्त हुने । | उपयुक्त ढाँचामा नाम दर्ताको प्रमाणपत्र दिन सकिने । |
| ४ | १८(३) | उपदफा (२)बमोजिम गठन भएको जाँचबुझ समितिले जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ । | जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि समय समयमा परिवर्तन हुने हुनाले यो विषय नियमावलीमा राख्न उपयुक्त हुने । | जाँचबुझ समितिले स्वतन्त्र तथा निस्पक्षरुपमा जाँचबुझ गर्न सक्ने । |
| ५ | २१क(३) | परिषदले उपदफा (२)बमोजिमको निवेदन उपर तोकिए बमोजिमको मापदण्डको आधारमा जाँचबुझ गरी तोकिए बमोजिमको मापदण्ड पूरा गर्ने शिक्षण संस्थालाई परिषदले तोके बमोजिमको शुल्क लिई स्थायी वा अस्थायी मान्यता प्रदान गर्न सक्नेछ । | मापदण्ड जस्तो विषय प्राविधिक विषय भएको र शुल्कको विषय कम समयमा पनि परिमार्जन गर्नु पर्ने विषय भएकोले परिषदलाई नैं अधिकार दिन उपयुक्त हुने । | परिषदले अधिकार दिदा उपयुक्त मापदण्ड तयार हुने । |
| ६ | २१ख | परिषदले दफा २१क बमोजिम मान्यता प्राप्त गरेको शिक्षण संस्थाले तोकिए बमोजिमको मापदण्ड कायम | शिक्षण संस्थाको मापदण्ड जस्ता विषय समय समयमा परिमार्जन गर्नु पर्ने भएकोले यो विषय नियमावलीमा राख्न | मापदण्ड पूरा नगरेका शिक्षण संस्थाको मापदण्ड पूराभई दक्ष जनशक्ति उत्पादन |

| | | | | |
|---|---|---|---|---|
| | | नगरेको पाइएमा परिषदले तोकिए बमोजिम मान्यता रद्द गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ । | उपयुक्त हुने । | हुने |
| ७ | ३०(२क) | दफा २१क बमोजिम परिषदबाट मान्यता प्राप्त नगरी शिक्षण संस्था सञ्चालन गरेमा परिषदले तोकिए बमोजिम कारवाही गर्न सक्नेछ । | परिषद स्वायत्त निकाय भएकोले परिषदबाट मान्यता प्राप्त नगरी शिक्षण संस्था सञ्चालन गरेमा कारवाही गर्ने अधिकार परिषदलाई नैं दिन उपयुक्त हुने । | परिषदको अनुमतिबिना शिक्षण संस्था सञ्चालन नहुने । |
| ८ | ३७ | (१) यो ऐनको कार्यान्वयन गर्न परिषदले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछिमात्र लागू हुनेछ ।<br>(२) यो ऐन र उपदफा (१) बमोजिम बनेको नियम विपरित नहुने गरी परिषदले आवश्यक विनियम,कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ । " | नियमहरु बनाउने विषय केही प्राविधिक विषय नैं भएकोले परिषदलाई अधिकार दिन र स्वीकृत गर्ने अधिकार नेपाल सरकारमा राख्न उपयुक्त हुने । विनियम,कार्यविधि तथा मापदण्ड जस्ता विषय पूर्णरुपमा प्राविधिक र सामान्य कार्यविधिगत विषय भएकोले सो विषयमा परिषदलाईनैं अधिकार दिन उपयुक्त हुने । | नेपाल इन्जिनियरिङ परिषद स्वायत्त र स्वतन्त्र रुपमा कार्य सञ्चालन गर्न सक्ने । |

## आर्थिक टिप्पणी

प्रस्तावित नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५लाई संशोधन गर्न बनेको विधेयक, २०७६मा गरिएका व्यवस्थाहरुबाट नेपाल सरकारले प्रत्यक्ष रुपमा कुनैं आर्थिक दायित्व वहन गर्नु पर्ने अवस्था देखिएको छैन ।

रघुवीर महासेठ

मन्त्री

भौतिक पूर्वाधार तथा यातायात

२०७६, जेष्ठ

# व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २ को खण्ड (ख१) र दफा २(झ) मा संशोधन | परिभाषा | नेपाल इन्जिनियरिङ परिषद्को कार्यलाइ अझ चुस्त वनाउन दफा २ को खण्ड (ख१)मा उपाध्यक्ष थप गरी उपाध्यक्षको व्यवस्था र बिषय समितिको सट्टा परीक्षा समितिको ब्यवस्था गरी सो को परिभाषा गरिएको । |
| दफा ३ | इन्जिनियरिङ्ग परिषद्को स्थापना गठन, काम कर्तव्य र अधिकार: | इन्जिनियरिङ्ग व्यवसायलाई प्रभावकारी, व्यवस्थित तथा वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा इन्जिनियरहरुको योग्यता अनुसार नाम दर्ता गर्ने सम्बन्धमा नेपाल इन्जिनियरिङ्ग परिषद्को स्थापना गरी परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरिएको छ। |
| दफा ५ **कोउपदफा (१) खण्ड (ग) र सोही दफाको** उपदफा २ खण्ड (ज) मासंशोधन | परिषद्को गठनः | इन्जिनियरिङ विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तिमा सात बर्ष इन्जिनियरिङ व्यवसायमा संलग्न भई अनुभव प्राप्त गरेका इन्जिनियरहरु मध्ये नेपाल सरकारबाट मनोनित गरेको पाँच जना इन्जिनियरहरु सदस्य रहने व्यवस्था गरिएको ।<br>"दफा ५ को उपदफा (२) खण्ड (ज) मा इन्जिनियरिङ विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा सात बर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त गरेको इन्जिनियरहरु मध्येबाट परिषदबाट मनोनित दुई जना इन्जिनियरहरु सदस्य राख्ने व्यवस्था गरिएको छ। |
| मुल ऐनको दफा ७को (१) (घ) र (ङ) | सदस्यको निमित्त अयोग्यता: | ७ (घ) भ्रष्टाचार , जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषधि विक्री वितरण तथा निकासी वा सम्पति शुद्धिकरण,राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फैजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस बर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको, (ङ) मानसिक सन्तुलन ठिक नभएको ।<br>"(च)कुनै विदेशी मुलुकको स्थायी आवसीय अनुमति प्राप्त गरेको व्यक्ति सदस्यको लागि अयोग्य हुने व्यवस्था गरिएको छ । |

| | | |
|---|---|---|
| दफा ९(ग) खण्ड (घ) पछि खण्ड (ङ) थप गर्ने: | परिषद्को काम कर्तव्य र अधिकारः | (ग) इन्जिनियरिङ व्यवसाय गर्नको लागि आवश्यक योग्यता निर्धारण गर्ने र योग्यता पुगेका इन्जिनियरको तोकिए बमोजिम परीक्षा लिई उतिर्ण भएका व्यक्तिलाई नाम दर्ता प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरिएको छ।<br>**(ङ)** इन्जिनियरिङ विषयमा अध्ययन अध्यापन गराउने शिक्षण संस्थाले पाठ्यक्रम, विद्यार्थी भर्नाको आधार, शिक्षण संस्थाको भौतिक पूर्वाधारतथा शैक्षिक मापदण्ड तोकी सो को अनुगमन तथा मुल्याङ्कन गर्ने र सो को उल्लंङ्घन गर्ने संस्थालाई प्रदान गरिएको स्वीकृति रद्द गर्न सम्बन्धित विश्वविद्यालयलाई सिफारिस गर्ने प्रावधान राखिएकोछ । |
| दफा ११ | नाम दर्ता सम्बन्धी व्यवस्थाः<br>११. दर्ता नगराई इन्जिनियरिङ व्यवसाय गर्न नहुने | नेपाल इन्जिनियरिङ परिषदमा नाम दर्ता नगराई कुनै प व्यक्तिले इन्जिनियरिङ व्यवसाय गर्न नहुने व्यवस्था गरिएक र र इन्जिनियरको नाम दर्ता गर्दा इन्जिनियरको वर्गीक गर्न सकिने व्यवस्था गरिएको छ । |
| दफा १३ | १३, दरखास्त उपर जाँचबुझ : | दफा १२ बमोजिम दर्ता हुन आएको दरखास्तमा रजिष्ट्रारले आवश्यक छानबिन गर्ने व्यवस्था गरिएको छ।<br>(२)उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अष्पष्ट हुन आएमा रजिष्ट्रारले तत्सम्बन्धी कुराहरु स्पष्ट गर्नको लागि सम्बन्धित दर्खास्तवालासँग आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्ने व्यवस्था गरिएको छ।<br>(३) उपदफा (२) बमोजिम माग भएका प्रमाण तथा कागजात रजिष्ट्रार समक्ष पेश गर्नु सम्बन्धित दर्खास्तवालाको कर्तव्य हुने व्यवस्था गरिएको छ।<br>"(४) उपदफा (१) र (२) बमोजिम छानबिन गरी रजिष्ट्रारले सम्बन्धित दर्खास्तवालाको नाम इन्जिनियरिङ व्यवसायी दर्ता परीक्षा सञ्चालन गर्ने प्रयोजनको लागि समिति समक्ष पठाउनु पर्ने व्यवस्था गरिएको छ। |
| दफा १४को उपदफा (१),(२) (३) र (४) | १४.**<u>परीक्षा समिति गठनः</u>** | परिषदमा इन्जिनियरिङ्ग ब्यवसायीको रुपमा नाम दर्ता गर्ने प्रयोजनको लागि परीक्षा सञ्चालन गर्न देहाय बमोजिमको परीक्षा समिति रहने व्यवस्था गरिएको छ।<br>(क) परिषद्ले तोकेको सदस्य –संयोजक<br>(ख)परिषद्ले तोकेको परिषद्को तीनजना अन्य सदस्य ---------------------------------------------- सदस्य |

| | | |
|---|---|---|
| | | (ग) रजिष्ट्रार –सदस्य सचिव<br>परिषदमा इन्जिनियरिङ व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि समितिले कम्तिमा बर्षको दुई पटक तोकिए बमोजिम परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ र साथै परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणाली परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।समितिले आवश्यक ठानेमा सम्बन्धित विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।समितिको काम, कर्तव्य, अधिकार तथा बैठक संचालन गर्ने कार्यबिधि तोकिए बमोजिम हुने भन्ने प्रावधान राखिएका छन् । |
| दफा १५ | <u>नाम दर्ता गर्नेः</u> | इन्जिनियरिङ दर्ता परीक्षा उत्तीर्ण भएका दरखास्तवालाको नाम दर्ताको लागि समितिले परिषदमा सिफारिस गरे अनुसार सोही आधारमा नेपाल इन्जिनियरिङ परिषदमा नाम दर्ता गर्नु पर्ने प्रावधान राखिएको छ। |
| दफा १६ | <u>नाम दर्ता प्रमाण पत्र दिनेः</u> | इन्जिनियरिङ परिषदमा नाम दर्ता गरेका इन्जिनयरलाई रजिष्ट्रारले तोकिए बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनु पर्ने व्यवस्था गरिएको छ। |
| दफा १८ | <u>दर्ता कितावबाट नाम हटाउनेः</u> | देहाय बमोजिमको अवस्थामा वाहेक दर्तावाला इन्जिनियरको नाम दर्ता कितावबाट हटाइने छैनः-<br>(क) दफा ७ बमोजिमको अयोग्य भएमा,<br>(ख) तोकिए बमोजिमको व्यवसायिक आचार संहिताको उल्लङ्घन गरेको अभियोगमा दर्ता किताबबाट नाम हटाउने भनी परिषद्को बैठकमा पेश भएको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,<br>(ग) धोखा वा गल्तिले योग्यता नपुगेको कुनै व्यक्तिको नाम दर्ता हुन गएमा ।<br>(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको आरोपमा कुनै दर्तावाला इन्जिनियरको नाम दर्ता कितावबाट हटाउने प्रस्ताव परिषद्को बैठकमा पेश गर्नु अघि त्यस्तो व्यक्तिलाई लागेको अभियोगको सम्बन्धमा जाचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्ने प्रावधान राखिएको छन् ।<br>(३) उपदफा (२) बमोजिम गठन भएको जाँचबुझ समितिले जाचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ । |

| | | |
|---|---|---|
| दफा १९ | <u>**प्रमाणपत्र रद्द गर्ने:**</u> | परिषद्ले दर्ता किताबबाट नाम हटाउने निर्णय गरेको अवस्थामा रजिष्ट्रारले त्यस्ता व्यक्तिको नाम दर्ता किताबबाट हटाई दफा १६ बमोजिम दिएको नाम दर्ता प्रमाणपत्र रद्द गरी सम्बन्धित ब्यक्तिलाई सो कुराको जानकारी दिनु पर्ने व्यवस्था गरिएको छ।तर यसरी नाम दर्ता प्रमाणपत्र रद्द गर्नु अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्ने व्यवस्थासमेत गरिएकोछ। |
| परिच्छेद-४ | "शिक्षण संस्था, शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता भन्ने शव्दहरु राख्ने ।" | नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को परिच्छेद-४ को शीर्षकमा शिक्षण संस्था, शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता भन्ने शव्दहरु राख्ने व्यवस्था गरिएको छ । |
| | "२१क.शिक्षण संस्थालाई मान्यता प्रदान गर्नेः | प्रचलित कानून बमोजिम स्थापना भएका शिक्षण सस्थाले इन्जिनियरिङ विषयको अध्ययन अध्यापन गर्नु गराउनु अघि परिषद् बाट समेत मान्यता प्राप्त गर्नु पर्नेछ ।<br>यसरी मान्यता प्राप्त गर्नको लागि परिषदले तोके बमोजिमको बिवरण र दस्तुर संलग्न गरी दिएको निबेदन उपर जाँचबुझ गरी मापदण्ड पूरा गरेका शिक्षण संस्थालाई परिषदले तोके बमोजिमको शुल्क लिई स्थायी वा अस्थायी स्विकृति प्रदान गर्न सक्नेछ । |
| | **२१ख. मान्यता रद्द गर्न सक्नेः** | दफा २१क. बमोजिम मान्यता प्राप्त गरेको शिक्षण संस्थाले तोकिए बमोजिमको मापदण्ड कायम नगरेको पाईएमा परिषद्ले दिएको मान्यता रद्द गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ राखिएको प्रावधान राखिएको छ। |
| दफा २७ | २७ (१) परिषदमा नाम दर्ताको लागि योग्यता पुगेको व्यक्तिहरु मध्येबाट नेपाल सरकारले परिषद्को रजिष्टार नियुक्त गर्न सक्नेछ | नेपाल इन्जिनियरिङ परिषदमा नाम दर्ताको लागि योग्यता पुगेको व्यक्तिहरु मध्येबाट नेपाल सरकारले परिषदमा खुल्ला प्रतिष्पर्धाबाट रजिष्ट्रारको नियुक्त गर्न निजको पदावधि तोक्न सक्ने व्यवस्था गरिएको छ। |
| दफा ३० | <u>कसूर तथा दण्ड सजायः</u> | कसूर दण्ड सजायलाई समयसापेक्ष बनाउनु उपयुक्त हुने भएकोले । |

| | | |
|---|---|---|
| | | कसुर गर्ने व्यक्तिलाई दशहजार रुपैंयासम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाँय गर्न सक्ने प्रावधान राखिएको छ ।<br>(२)उपदफा (२क) थप गर्नेः-<br>(२क) दफा २१क. बमोजिम परिषद् बाट मान्यता प्राप्त नगरी शिक्षण संस्था सञ्चालन गरेमा परिषद्ले तोकिए बमोजिम कारवाही गर्न सक्ने प्रावधान राखिएकोछ ।<br>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-<br>"(३) उपदफा (२) र (२क) मा उल्लेख भएदेखि वाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल हुने गरी कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ।<br>(२) उपदफा (३) पछि देहाएका उपदफा (४) थपः-<br>(४) दफा ९ को खण्ड (घ) बमोजिमको व्यवसायिक आचार संहिताको उल्लङ्घन गर्ने वा पालना नगर्ने दर्तावाला इन्जिनियरलाई परिषद्ले सफाई पेश गर्ने मौका दिई नसिहत दिने गरी देहाय बमोजिम सजाँयको व्यवस्था गरिएको छ।<br>(क) नसिहत दिने,<br>(ख) कुनै खास अवधिको लागि इन्जिनियरिङ व्यवसाय गर्न नपाउने गरी नाम दर्ता प्रमाणपत्र निलम्वन गर्ने,<br>(ग) दर्ता कितावबाट नाम हटाउने लगायतको व्यवस्था गरिएको छ।<br>तर त्यसरी सजाँय गर्नु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्ने व्यवस्था गरिएको छ। |
| | "**३०क. पुनरावेदनः** | **३०क. पुनरावेदनः** यस ऐन बमोजिम परिषद्ले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतीस दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्ने प्रावधान राखिएको छ । |
| दफा ३६ | नेपाल सरकारसंग सम्पर्कः | मन्त्रालयको नाम समय समयमा परिवर्तन भई रहने हुनाले ऐनको विभिन्न ठाउमा रहेका " निर्माण तथा यातायात मन्त्रालय" भन्ने शव्दहरुको सट्टा "नेपाल सरकारको भौतिक पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय "भन्ने शव्दहरु राखिएको छ । |

| | | |
|---|---|---|
| दफा ३७ | नियम,विनियम, कार्यविधि निरदेशिका तथा मापदण्ड बनाउने अधिकार: | कार्यविधिगत तथा प्राविधिक विषयहरुमा नेपाल सरकार तथा परिषदलाई नैं जिम्मेवार बनाउनको लागि ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले ऐनको प्रतिकूल नहुने गरी आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत प्राप्त भए पछि मात्र लागू हुने व्यवस्था गरिएको र परिषद्ले नियमको परिधिमा रहि आवश्यक विनियम, कार्यविधि, निरदेशिका तथा मापदण्ड बनाउन पाउने व्यवस्था गरिएकोछ । |
| दफा३७क. | बार्षिक प्रतिवेदन पेश गर्नु पर्ने : | परिषद्ले आफूले बर्षभरी सम्पादन गरेको कामको संक्षिप्त प्रतिवेदन, प्रशासकीय खर्च, आय व्ययको विवरण तथा भविष्यमा सञ्चालन गर्ने कार्यक्रम समेत समावेश गरी प्रत्येक बर्षको असोज महिनाभित्र अनिबार्य रुपमा नेपाल सरकार समक्ष बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन परिषद्ले सार्वजनिक समेत गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ३७ख. | नेपाल सरकारले परिषद्लाई आवश्यक निर्देशन दिन सक्ने: | परिषद्को काम कारवाही सहज, पारदर्शी र प्रभावकारी बनाउनको लागि नेपाल सरकारले परिषद्लाई समय समयमा आवश्यक निर्देशन दिन सक्ने छ र यसरी नेपाल सरकारले दिएको निर्देशन परिषद्ले पालन गर्नु पर्ने व्यवस्था गरिएको छ। |

# <u>नेपाल इन्जिनियरिङ परिषद् ऐन,२०५५ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>**प्रस्तावना**</u>:नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५को दफा २ मा संशोधन**</u>: नेपाल इन्जिनियरिङपरिषद् ऐन, २०५५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) राखिएको छ :-

(ख१) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

(झ)"समिति" भन्नाले दफा १४ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

३. <u>**मूल ऐनको दफा ३ मा संशोधन**</u>: मूल ऐनको दफा ३को सट्टादेहायकोदफा ३ राखिएकोछः-

"३.<u>**परिषद्को स्थापना:**</u>(१)इन्जिनियरिङ व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित तथा वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा इन्जिनियरको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको काम गर्नको लागि नेपाल इन्जिनियरिङ परिषद्को स्थापना गरिएकोछ ।

(२) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।"

४.<u>**मूल ऐनको दफा ५ मा संशोधन**</u>: मूल ऐनको दफा ५कोउपदफा (१) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) इन्जिनियरिङ विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा सात बर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त इन्जिनियरहरुमध्येबाट नेपाल सरकारबाट मनोनितपाँच जना इन्जिनियरहरु - सदस्य

(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) इन्जिनियरिङ विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा सात बर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त इन्जिनियरहरुमध्येबाटपरिषदबाट मनोनित दुई जना इन्जिनियर -सदस्य

**५.** <u>**मूल ऐनको दफा ७ मा संशोधन**</u>: मूल ऐनको दफा ७ को,-

(१)खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ)र (ङ) राखिएकाछन् :-

"(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथाओसारपसार, लागू औषध बिक्री वितरण तथानिकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानीदुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतनदेखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनैकसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढीकैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) मानसिक सन्तुलन ठीक नभएको ।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च)थपिएकोछः-

"(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

६. **<u>मूल ऐनको दफा ९ मा संशोधन</u>**:मूल ऐनको दफा ९को,-

(१)खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) इन्जिनियरिङ व्यवसाय गर्नको लागि आवश्यक योग्यता निर्धारण गर्ने र योग्यता पुगेका इन्जिनियरको तोकिए बमोजिम परीक्षा लिई उत्तीर्ण भएका व्यक्तिलाई नाम दर्ता प्रमाणपत्र प्रदान गर्ने ।"

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गरिएको छ :-

"(ङ) इन्जिनियरिङ विषय अध्ययन अध्यापन गराउने शिक्षण संस्थाको पाठ्यक्रम, विद्यार्थीभर्नाका आधारर शिक्षण संस्थाको भौतिक पूर्वाधार तथा शैक्षिक मापदण्ड तोकीसोको अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको उल्लङ्घन गर्ने संस्थालाई प्रदान गरिएको स्वीकृति रद्दगर्न सम्बन्धित विश्वविद्यालयलाई सिफारिस गर्ने।"

७. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u>**: मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछः-

"११. <u>नाम दर्ता नगराई इन्जिनियरिङ व्यवसाय गर्न नहुने</u>:(१) परिषद्मा नाम दर्ता नगराई कुनैपनि व्यक्तिले इन्जिनियरिङ व्यवसाय गर्न हुँदैन ।

(२) यस ऐन बमोजिम परिषद्मा इन्जिनियरको नाम दर्ता गर्दा इन्जिनियरलाई तोकिए बमोजिम वर्गीकरण गर्न सकिनेछ।"

८. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३को सट्टा देहायको दफा १३ राखिएको छ :-

“१३. <u>दरखास्त उपर छानबिन</u>ः (१) दफा १२ बमोजिम दर्ता हुन आएको दरखास्तमा रजिष्ट्रारले आवश्यक छानबिन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अष्पष्ट हुन आएमा रजिष्ट्रारले तत्सम्बन्धी कुराहरू स्पष्ट गर्नको लागि सम्बन्धित दरखास्तवालासँग आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम माग भएका प्रमाण तथा कागजात रजिष्ट्रार समक्ष पेश गर्नु सम्बन्धित दरखास्तवालाको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम छानबिन गरी रजिष्ट्रारले सम्बन्धित दरखास्तवालाको नाम इन्जिनियरिङ व्यवसायी दर्ता परीक्षा सञ्चालन गर्नेप्रयोजनको लागि समितिसमक्ष पठाउनु पर्नेछ।"

९. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u>** : मूल ऐनको दफा १४को सट्टा देहायको दफा १४ राखिएको छ :-

"१४..**<u>परीक्षा समिति गठनः</u>** (१)परिषद्मा इन्जिनियरिङ व्यवसायीको रूपमा नाम दर्ता गर्ने प्रयोजनका लागि परीक्षा सञ्चालन गर्न देहाय बमोजिमको परीक्षा समिति रहनेछः-

(क) परिषद्ले तोकेको सदस्य –संयोजक

(ख) परिषद्ले तोकेको परिषद्का तीनजना अन्य सदस्य – सदस्य

(ग) रजिष्ट्रार –सदस्य-सचिव

(२) परिषद्मा इन्जिनियरिङ व्यवसायीको रूपमा नाम दर्ता गर्नको लागि समितिलेकम्तीमा वर्षको दुई पटक तोकिए बमोजिम परीक्षा सञ्चालन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणाली परिषद्लेनिर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले आवश्यक ठानेमा विषयसँग सम्बन्धित विशेषज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सञ्चालन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।"

१०.**<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>**मूलऐनको दफा १५ को सट्टा देहायको दफा१५राखिएको छ :-

"१५. **नाम दर्ता गर्ने** :(१) दफा १४ बमोजिम लिइएकोइन्जिनियरिङ व्यवसायी दर्तापरीक्षा उत्तीर्ण भएका दरखास्तावालाको नाम दर्ता गर्नको लागि समितिले परिषद्मा सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नाम दर्ताको लागि सिफारिस प्राप्त भए पछि परिषदले सो नामावली बमोजिम परिषदमा नाम दर्ता गर्नु पर्नेछ।"

११.**मूल ऐनको दफा १६ मा संशोधन** : मूलऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"१६. **नाम दर्ता प्रमाणपत्र दिने**:दफा १५ बमोजिम नाम दर्ता गरेका व्यक्तिलाईरजिष्ट्रारले तोकिए बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।"

१२. **मूल ऐनको दफा १८ मा संशोधन**: मूल ऐनको दफा १८ को सट्टा देहायकोदफा १८ राखिएको छ :-

"**१८. दर्ता किताबबाट नाम हटाउने:(१)** देहाय बमोजिमको अवस्थामा बाहेक दर्तावाला इन्जिनियरको नाम दर्ता किताबबाट हटाइने छैनः-

(क) दफा ७ बमोजिमअयोग्य भएमा,

(ख) तोकिए बमोजिमको व्यवसायिक आचार संहिताको उल्लङ्घन गरेको अभियोगमा दर्ता किताबबाट नाम हटाउने भनी परिषद्को बैठकमा पेश भएको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,

(ग) धोखा वा गल्तीले योग्यता नपुगेको कुनै व्यक्तिको नाम दर्ता हुन गएमा।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको आरोपमा कुनै दर्तावाल इन्जिनियरको नाम दर्ता किताबबाट हटाउने प्रस्ताव परिषद्को बैठकमा पेश गर्नु अघि त्यस्तो व्यक्तिलाई लागेको अभियोगको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठन भएको जाँचबुझ समितिले जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

१३. **मूल ऐनको दफा १९ मा संशोधन**:मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छ:-

" १९. **प्रमाणपत्र रद्द गर्ने**:(१) दफा १८ बमोजिम परिषद्ले दर्ता किताबबाट नाम हटाउने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई

दफा १६ बमोजिम दिइएको नाम दर्ता प्रमाणपत्र रद्द गरी सम्बन्धित व्यक्तिलाई सो कुराको जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता प्रमाणपत्र रद्द गर्नु अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

**१४.<u>मूल ऐनको परिच्छेद-४ मा संशोधन</u>**:मूल ऐनको परिच्छेद-४ को परिच्छेद शीर्षकमा रहेका "शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता" भन्ने शब्दहरुको सट्टा " शिक्षण संस्था र शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता" भन्ने शब्दहरु राखिएका छन्।

**१५. <u>मूल ऐनमा दफा २१क. र २१ख. थप</u>**: मूल ऐनको दफा २१पछि देहायका दफा २१क. र २१ख. थपिएका छन् :-

"२१क. <u>शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने</u> : (१) प्रचलित कानून बमोजिम स्थापना भएका शिक्षण संस्थाले इन्जिनियरिङविषयको अध्ययन अध्यापन गर्नु गराउनु अघि परिषद्बाट समेत मान्यता प्राप्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मान्यता प्राप्त गर्नको लागि परिषद्ले तोके बमोजिमको विवरण र दस्तुर संलग्न गरी परिषद्मा निवेदन दिनु पर्नेछ ।

(३)परिषद्ले उपदफा (२) बमोजिमको निवेदन उपर तोकिए बमोजिमको मापदण्डको आधारमा जाँचबुझ गरीतोकिए बमोजिमको मापदण्ड पूरा गर्ने शिक्षण संस्थालाई परिषद्ले तोके बमोजिमको शुल्क लिई स्थायी वा अस्थायी मान्यताप्रदान गर्न सक्नेछ ।

२१ख. **<u>मान्यता रद्द गर्न सक्ने</u>** : परिषद्ले दफा २१क. बमोजिम मान्यता प्राप्त गरेको शिक्षण संस्थाले तोकिए बमोजिमको मापदण्ड कायम नगरेको पाइएमा परिषद्ले तोकिए बमोजिम मान्यता रद्द गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।"

**१६.<u>मूल ऐनको दफा २७ मा संशोधन</u>** :मूल ऐनको दफा २७ को,

**(१)** उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) परिषद्को काम गर्न इन्जिनियरिङ विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा दश बर्ष इन्जिनियरिङ व्यवसायमा अनुभव प्राप्त इन्जिनियरहरुमध्येबाट खुल्ला प्रतिष्पर्धाको आधारमा नेपाल सरकारले एक जना रजिष्ट्रार नियुक्त गर्नेछ।"

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छनः-

(१क) उपदफा (१) बमोजिम नियुक्त रजिष्ट्रारको पदावधि चार बर्षको हुनेछ।

(१ख) उपदफा (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारको कार्य क्षमताको अभाव भएमा, खराब आचरण भएमा, इमान्दारी पूर्वक पदीय आचरण नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यसरी हटाउँदा निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

१७. **<u>मूल ऐनको दफा ३० मा संशोधन</u>** :मूल ऐनको दफा ३० को,-

(१)उपदफा (२) सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई दशहजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) दफा२१क. बमोजिम परिषद्‌बाट मान्यता प्राप्त नगरी शिक्षण संस्था सञ्चालन गरेमा परिषद्‌ले तोकिए बमोजिम कारबाही गर्न सक्नेछ ।

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३)उपदफा (२) र (२क) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल हुने गरी कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।"

(४) उपदफा (३) पछि देहायका उपदफा (४)थपिएको छः-

"(४) दफा ९ को खण्ड (घ) बमोजिमको व्यावसायिक आचार संहिताको उल्लङ्घन गर्ने वा पालना नगर्ने दर्तावाला इन्जिनियरलाई परिषद्‌ले देहाय बमोजिमको सजाय गर्न सक्नेछ :-

(क) नसिहत दिने,

(ख) कुनै खास अवधिको लागि इन्जिनियरिङ व्यवसाय गर्न नपाउने गरी नामदर्ता प्रमाण पत्र निलम्बन गर्ने,

(ग) दर्ता किताबबाट नाम हटउने ।"

तर त्यसरी सजाय गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

१८. **<u>मूल ऐनमा दफा ३०क. थप</u>**:मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क.थपिएको छ :-

"३०क. **<u>पुनरावेदन</u>** :यस ऐन बमोजिम परिषद्‌ले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।"

१९. **मूल ऐनको दफा ३६ मा संशोधन** : मूल ऐनको दफा ३६ मा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको भौतिक पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

२०. **मूल ऐनको दफा ३७ मा संशोधन** : मूल ऐनको दफा ३७ को सट्टामा देहायको दफा ३७ राखिएको छः-

"३७. नियम ,विनीयम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउने अधिकारः (१) यो ऐनको कार्यान्वयन गर्न परिषदले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछिमात्र लागू हुनेछ ।

(२) यो ऐन र उपदफा (१) बमोजिम बनेको नियम विपरित नहुने गरी परिषदले आवश्यक विनियम,कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ । "

२१. **मूल ऐनमा दफा ३७क. र ३७ख.थप** :मूल ऐनको दफा ३७ पछि देहायका दफा ३७क. र ३७ख. थपिएका छन्।

"३७क. वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः (१) परिषदले आफूले वर्षभरी सम्पादन गरेको कामको संक्षिप्त विवरण, प्रशासकीय खर्च, आयव्ययको विवरण तथा भविष्यमा सञ्चालन गर्ने कार्यक्रम समेत समावेश गरी प्रत्येक वर्षको असोज महिनाभित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन परिषदले सार्वजनिक समेत गर्नु पर्नेछ।"

"३७ख. **नेपाल सरकारले परिषदलाई आवश्यक निर्देशन दिन सक्नेः** (१) नेपाल सरकारले परिषदको कामकारवहीलाई प्रभावकारी बनाउनआवश्यक निर्देशन दिन सक्नेछ ।"

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको पालन गर्नु परिषदको कर्तव्य हुनेछ।"

२२. **खारेजीः**मूल ऐनको दफा १७ खारेज गरिएको छ।